स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




‘के घर के डेरा : घर नं २’ शुक्रबारबाट प्रदर्शनमा आउन लागेको फिल्म हो । फिल्मको अग्रिम बुकिङ खुला भएको छ । बुकिङमा फिल्मले उच्च शो पाएको छ । फिल्मले देशकै ठुलो मल्टिप्लेक्स चेन क्यूएफएक्सले काठमाडौमा २५ शो र काठमाडौ उपत्यका बाहिर २२ शो पाएको छ । क्यूएफएक्सका आउटलेटमा भने ४७ शो पाएको छ । आइएनआईले आफ्ना चारवटा आउटलेटमा १५ शो दिएको छ । वान सिनेमाजले कालीमाटीको आउटलेटमा चार शो दिएको छ ।

**आजको विचार...**



भावी.... (दुई पेजमा)

डा. बद्रीप्रकाश ओझा



जेठ १५ गते बिहीबारदेखि प्रदर्शनमा आउन लागेको चलचित्र ‘महाभोज’ सहकारी संस्थामार्फत ठगिएका सर्वसाधारणहरुको कथामा आधारित रहेको अभिनेता दयाहाङ राईले बताएका छन् । फिल्मले आर्थिक क्रान्तिको सुन्दर सपना बोकेर स्थापना गरिएका सहकारी संस्थाहरु कसरी भ्रष्ट नियत र व्यक्तिवादी स्वार्थको चपेटामा पर्छ भनेर देखाउन खोजेको उनको भनाई छ । ‘नेपालमा आर्थिक क्रान्ति ल्याउनको लागि सहकारी संस्थाहरुको स्थापना सुन्दर अभ्यास थियो ।नेपालीहरुलाई छुने विश्वास व्यक्त गरे ।


❐ वर्ष ३० ❐ अंक २८९ ❐ २०८२ जेठ १ गते बिहीबार 15 May 2025, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-


## सरकारी कारोबारमा बेरुजु बढ्दै जानु सुशासनका लागि चुनौतिपूर्ण : राष्ट्रपति पौडेल

हाम्रा संवाददाता

**काठमाडौं**, वैशाख ३१/राष्ट्रपति रामचन्द्र पौडेलले सरकारी कारोबारमा हरेक वर्ष बेरुजु बढ्दै जानु सुशासनका लागि चुनौतिपूर्ण भएको बताएका छन् । बुधबार महालेखा परीक्षकको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन ग्रहण गर्दै पौडेयलले यस्तो बताएका हुन् उनले विगत लामो समयदेखि सरकारी खर्चमा बढ्दै गएको बेरुजु गम्भीर चासो र सरोकारको विषय बनेको बताए ।

उनले वर्तमान परिस्थितिमा सरकारी खर्च गर्दा प्रचलित कानूनको परिचालन र आर्थिक अनुशासनलाई अझ बढी ध्यान दिन आवश्यकता रहेको उल्लेख गरे । उनले आर्थिक अनुशासन कायम गर्न र वित्तीय उत्तरदायित्व अभिवृद्धि गर्न सार्वजनिक निकायका पदाधिकारीहरु अझ बढी जवाफदेही बन्नु आवश्यक रहेको बताए । सुशासन कायम गराउन सरकारी कोष सञ्चालन गर्ने संवद्ध सबै



पदाधिकारीहरुलाई थप जिम्मेवार र जवाफदेही बनाउने सन्दर्भमा महालेखा परीक्षकको भुमिका महत्वपूर्ण रहेको बताए । राष्ट्रपति पौडेलले भने, ‘विगत लामो समयदेखि सरकारी खर्चमा बढ्दै गएको बेरुजु गम्भीर चासो र सरोकारको विषय बनेको छ । वर्तमान परिस्थितिमा सरकारी खर्च गर्दा प्रचलित कानूनको परिचालन र आर्थिक अनुशासनलाई अझ बढी ध्यान दिनुपर्ने आवश्यकता देख्दछु । आर्थिक अनुशासन कायम गर्न र वित्तीय उत्तरदायित्व अभिवृद्धि गर्न सार्वजनिक निकायका पदाधिकारीहरु अझ बढी जवाफदेही बन्नु आवश्यक छ । सरकारी कारोबारमा हरेक वर्ष बेरुजु बढ्दै जानु सुशासनका लागि चुनौतिपूर्ण अवस्था हो । सुशासन कायम गराउन सरकारी कोष सञ्चालन गर्ने संवद्ध सबै पदाधिकारीहरुलाई थप जिम्मेवार र जवाफदेही बनाउने सन्दर्भमा महालेखा परीक्षकको भुमिका महत्वपूर्ण हुन्छ । आर्थिक अनुशासन र वित्तीय उत्तरदायित्व कायम गराउन महालेखा परीक्षकले आगामी दिनमा थप सशक्त भुमिका निर्वाह गर्नेछ ।’ राष्ट्रपति पौडेलले आर्थिक अनुशासन र वित्तीय उत्तरदायित्व कायम गराउन महालेखा परीक्षकले आगामी दिनमा थप सशक्त भुमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे ।

### संक्षिप्त समाचार

#### भारत र पाकिस्तानले एक अर्काका कुटनीतिज्ञलाई देश छोड्न आदेश

रासस/सिन्ह्वा

**इस्लामावाद,** वैशाख ३१/आफ्नो देशबाट निष्कासन गर्ने घोषणा गरेका छन् । दुबै पक्षले आ-आफ्ना अधिकारीमाथि जासुसी गतिविधिमा संलग्न भएको आरोप लगाएका छन् । पाकिस्तानले इस्लामावादस्थित भारतीय उच्चायोगका एक कर्मचारीलाई देशमा रहन ‘अस्वीकार्य व्यक्ति’ घोषणा गरेको छ । ती अधिकारीलाई २४ घण्टाभित्र देश छाड्न आदेश दिइएको पाकिस्तानको परराष्ट्र मन्त्रालयले जनाएको छ । ‘पाकिस्तानी प्रशासनले भारतीय कार्यवाहक राजदूतलाई सोधपुछका लागि परराष्ट्र मन्त्रालयमा बोलाएको र उक्त निर्णयबारे औपचारिक जानकारी दिएको थियो’, विदेश मन्त्रालयले भनेको छ, ‘मन्त्रालयले भारतीय नियोगलाई आफ्ना कर्मचारीहरूलाई उनीहरूको कूटनीतिक जिम्मेवारीसँग मेल नखाने कार्यहरूबाट जोगिन सुनिश्चित गर्न आग्रह गरेको छ ।’ यसअघि, भारतीय सञ्चार माध्यमका अनुसार भारत सरकारले नयाँ दिल्लीस्थित पाकिस्तानी उच्चायोगमा कार्यरत एक अधिकारीलाई २४ घण्टाभित्र देश छोड्न आदेश दिएको थियो ।

### डिप्रेसनका लक्षण

**मानसिक रुपमा:**

- उदास, निराश वा एक्लोपन महसुस गर्नु,
- कुनै पनि कुरामा चासो नलिनु वा कम हुनु,
- आत्मबल घट्नु वा आत्मग्लानि हुनु वा दोषी महसुस हुनु,
- निर्णय लिन नसक्नु वा कठिन हुनु,
- आत्महत्याका विचार आउनु,

**शारीरिक र व्यवहारिक लक्षणहरू:**

- निद्रा कम लाग्नु तथा सुत्न नसक्नु,
- भोक नलाग्नु वा अत्यधिक भोक लाग्नु,
- तौलमा परिवर्तन आउनु,
- सामान्य काममा थकान महसुस हुनु,
- पुरै शरीर दुख्नु वा शरीरका कुनै भागमा पीडा महसुस हुनु,
- सामाजिक गतिविधिमा चासो नहुनु,

यस्ता लक्षण देखिएमा चिकित्सकको परामर्श लिऔं ।


नेपाल सरकार

विज्ञापन बोर्ड


## तामाखानी उत्खनन्का लागि खोजतालस सुरु

**ढोरपाटन, वैशाख ३१/** बागलुङको तमानखोला गाउँपालिका-६ नर्जाखानीमा तामाखानी उत्खननका लागि खोजतलास सुरु भएको छ । खानी तथा भूगर्भ विभागले अनुमति दिएपछि खोजतलास सुरु भएको हो । तमानखोलाको दर्जनौं स्थानमा तामाखानी छन् ।

त्यहाँ रहेको तामाखानीहरु विसं १९८१ सम्म सञ्चालनमा थिए । सरकारले खानीलाई करको दायरामा ल्याएपछि बन्द भएका थिए । खानी तथा भूगर्भ विभागले अध्ययन तथा अनुसन्धानका लागि २०८४ असोज १४ गतेसम्मका लागि अनुमति दिएपछि खानीको खोजताल सुरु भएको हो । हाल विकप्लस मिनिलर प्रालीले नर्जाखानीका विभिन्न ठाउँमा खानीको खोजतलास गरिरहेको छ । उक्त क्षेत्रमा सतहमा तामा सामान्य रुपमा देखिएको विकप्लस मिनिलर प्रालीका भूर्गवशास्त्री बलराम कार्कीले जानकारी दिए । उनका अनुसार यस क्षेत्रमा तीन चरणका अनुसन्धान हुनेछ । त्यसबाट राम्रो नतिजा आयो भने उत्खनन गर्न



सकिनेछ । अबको एक वर्षभित्रमा तीनै चरणको अध्ययन सकिने गरी काम भइरहेको कार्कीले बताए । अहिले नर्जाखानी क्षेत्रमा प्राविधिक खटिएर धमाधम अध्ययन गरिरहेको छ । ‘अनुसन्धानका धेरै चरणहरु हुन्छन्, हामीहरु अहिले पहिलो चरणको अनुसन्धानमा छौँ, जुसलाई ‘जियोफिजिक सर्भे’ भन्छौँ, यसबाट राम्रो नतिजा आयो भने दोस्रो चरणको टेस्ट ड्रिलिङ गर्छौं र त्यसपछि फाइनल ड्रिलिङ गरी राम्रो नजिता आए, उत्खनन गर्छौं’, भूर्गवशास्त्री कार्कीले भने,‘यसको उत्खनन गर्न रु २० देखि २२ अर्ब लाग्छ, यति रुकम लगानी गरेर खानी सञ्चालन गर्न सक्छौं कि सक्दैनौं भनेर खोजतलास गरिरहेका हौं ।’


-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## समृद्धिको मूल आधार : परिवार दिवस

वर्षेनी मई १५ तारिखका दिन अन्तर्राष्ट्रिय परिवार दिवस मनाइन्छ । आज मनाईदै गरेको अन्तर्राष्ट्रिय परिवार दिवसले सबैलाई प्रेम, समझदारी र जिम्मेवारीमा आधारित पारिवारिक जीवनको पुन: महत्व झल्काउने प्रेरणाको स्रोत बन्ने छ । संस्कार, शिक्षा, सहिष्णुता र सहयोगको पहिलो पाठशाला परिवार नै हो । संयुक्त राष्ट्रसंघले सन् १९९३ मा सुरु गरेको यो दिवसले पारिवारिक संरचना, त्यसको महत्व, चुनौती र योगदानलाई अन्तर्राष्ट्रिय रुपमा उजागर गर्ने प्रयास गर्दै आएको छ । परिवार केवल जैविक सम्बन्धको मात्र नाम होइन, यो सामाजिक, भावनात्मक र नैतिक मूल्यको जरा हो । हामी र हाम्रो समाजको सबै भन्दा नजिक र मानव जीवनको विकसित स्वरुपलाई झल्काउँने कार्यका लागि हरेक परिवारको महत्वपुर्ण योगदान रहन्छ । एक सशक्त र स्वस्थ परिवारले मात्र सुद्बढ समाज र समुन्नत राष्ट्रको निर्माण गर्न सक्छ । परिवार असल भयो, भने मानव जीवन नै सफल हुन्छ । आजको परिवेशमा पारिवारिक संरचना विविध संकटमा छ । आर्थिक चुनौती, प्रविधिको अत्यधिक प्रयोग, वैदेशिक रोजगार, सम्बन्धमा दूरी र पारिवारिक मूल्यहरूको क्षयले पारिवारिक सन्तुलनलाई खल्बल्याइरहेको छ । एकल परिवार प्रणालीको बढ्दो प्रचलनले वृद्ध अभिभावकको अवस्था र बालबालिकाको संरक्षणमा प्रश्न उठने गरेका छन् । त्यसैले, परिवार दिवस केवल उत्सव मात्र होइन, यो आत्मसमीक्षा गर्ने दिन पनि हो । हामी कसरी आफ्ना सम्बन्धहरूलाई मजबुत बनाउने, सन्तानमा नैतिकता कसरी रोप्ने र वृद्धजनको सम्मान कसरी गर्ने –यस्ता विषयमा गम्भीर बहस र अभ्यास आवश्यक छ । यी सबै कामको लागि सरकार, सामाजिक संस्था र हामी सबैको महत्वपूर्ण उत्तरदायित्व रहन्छ । पारिवारिक मूल्यको संरक्षणमा लाग्न सहअस्तित्व, संवाद र समर्पणको भावना पुन:जागृत गर्नु यो दिवसलाई व्यवहारिक बनाउन अत्यावश्यक छ ।

### Opinion @ Social Network

आमा बुबा मात्रै हुन हाम्रो हरेक दुख र पिडालाइ बुझेर अगाडि बढ्न सिकाउने अरु त सब पछाडीबाट लडाउन खोज्नेहरु मात्रै हुन्छन ।

*(मचेन्द्र थापाको फेसबुक स्टाटस https://www.facebook.com/M.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# भावी बजेट : कृषि कटौतीको अर्थ के ?



डा. बद्रीप्रकाश ओझा

विश्वका केही देश (जस्तै : सिंगापुर, युनाइटेड अरब इमिरेट्स, युरोपको सानो टापु राष्ट्र लिफटेस्टाइन) को अधिकांश भूभागमा खेती छैन । यता चीनको स्वशासित क्षेत्र तिब्बतमा खासै कृषि गर्न सकिँदैन । यीबाहेक विश्वका सबै देशमा खेती गरिन्छ । फरक यति मात्र कि कुनै देशमा खेतीबाहेक अरु (जस्तै : मालदिभ्समा माछापालन मात्र गरिन्छ) केही गरिन्छ तर कृषि नै गरिन्छ । स्वतन्त्र अनुसन्धान संस्था 'अर्गनाइजेसन फर इकोनोमिक कोअपरेसन एन्ड डेभलपमेन्ट' (ओईसीडी) ले सन् २०२४ मा गरेको अध्ययन अनुसार सन् २०२१ देखि २०२३ को बिचमा विश्वका ५४ मुलुकले कृषि क्षेत्रमा वार्षिक आठ सय ४२ अर्ब अमेरिकी डलर लगानी गरे । यी मुलुकमध्ये सबैभन्दा बढी चीन एक्लैले ३७ प्रतिशत, अमेरिकाको १५ प्रतिशत, भारतको १४ र युरोपेली संघको १३ प्रतिशत लगानी गरेका थिए । यो लगानीमध्ये करिब ६ सय २८ अर्ब त निजी फार्मलाई सहुलियत ऋण तथा अनुदानमा खर्च भएको थियो । योमध्ये अधिकांश रकम वातावरणमैत्री कृषि, प्रविधिको उपयोग र नवप्रवर्तनमा खर्च गरिएको थियो । लगानीको ठुलो हिस्सा किसानलाई सहयोग गर्ने तौरतरिका 'द फार्म इन्कम स्टेबिलाइजेसन प्रोग्राम'मा खर्च गरियो । यस अन्तर्गत उत्पादनमा आउने ह्रास तथा बजार मूल्यमा आउने उतार-चढावबाट उत्पादक मारमा पर्नबाट जोगाइन्छ, यसका लागि सरकारले बिमामार्फत ग्यारेन्टीको व्यवस्था गर्छ ।

बिमाको व्यवस्था त हाम्रोमा पनि असाध्यै राम्रो छ, ८० प्रतिशत बिमा सरकारले नै तिरिदिन्छ, तर बिमा कम्पनीले भने बिमा गर्दैनन् । केही पशुजन्य उत्पादनबाहेक समग्र कृषि बिमाको अवस्था एक प्रतिशत हाराहारीमै सीमित छ । अमेरिकाले सन् २०२५ का लागि मात्र कृषिमा आपतकालीन सहयोगका लागि १० अर्ब डलर छुट्ट्याएको छ । स्मरण रहोस्, सोही सरकारले संघीय शिक्षा मन्त्रालय नै खारेज गरिदियो । यसबाट स्वत: प्रस्ट हुन्छ, अमेरिका शिक्षाभन्दा कृषिलाई महत्त्वको आँखाले हेर्छ । यसका सकारात्मक प्रभाव मात्र छैनन्, कृषिमा लगानी बढ्दा वातावरणमाथि आक्रमण पनि भएको छ । कृषिमा लगानी गर्दा अर्थतन्त्रमा सुधार आए पनि यस्तो व्यवस्थाले कृषिमा गैरवातावरणीय पक्षमा लगानी जान सक्ने त्रास पनि 'द गार्जियन' पत्रिकाले औंल्याएको छ । उसका अनुसार विकासोन्मुख मुलुकहरूमा वातावरणमा धावा बोल्ने गरी हरितगृह ग्यास उत्सर्जन क्षेत्रजस्तै जैविक ग्यास तथा घनाखेती प्रविधिमा वार्षिक साढे ६ सय अर्ब डलर खर्च हुँदै आएको छ । गत वर्षको कृषि बजारको तथ्यांक अनुसार, विश्वमा कृषिउपज बेचेर चीनले १६ सय ५० अर्ब अमेरिकी डलर भित्र्याएको थियो । यस्तै, दोस्रोमा पर्ने भारतले पाँच सय २४ अर्ब डलर कमायो, तेस्रोमा पर्ने अमेरिकाले चार सय ७४ अर्ब, चौथो ब्राजिलले दुई सय २० अर्ब र पाँचौं इरानले एक सय ८८ अर्ब कमायो । यी चारवटाको जम्मा गर्दा पनि चीनको भन्दा करिब दुई अर्ब कम कमाइ भयो । चीनले कृषिमा मुख्यतया धान, गहुँ, गोलभेँडा, आलु, स्याउ र कपास बढी उत्पादन गर्छ । भारतले धान गहुँ, चिनी र प्याजबाट बढी कमाउँछ । अमेरिकाले मकै, गहुँ र भटमासबाट बढी कमाउँछ । ब्राजिलले भटमास, मासु, सुगर इथानेल आदिबाट कमाउँछ भने इरानले पिस्ता, गोलभेँडा र खरबुजाबाट कमाउँछ । यी माथिका पाँच राष्ट्रमा फल्ने मुख्य उत्पादन नेपालमै फल्छन् । मात्र चाहियो लगानी वा लगानीमैत्री वातावरण । लगानी बढाउनु त कता हो कता, उल्टै रासायनिक मल र उखुमा दिइँदै आएको अनुदान कटौती गर्ने निर्णयमा पुगेको छ हाम्रो सरकार । हाल मलमा करिब ७० प्रतिशत अनुदान प्राप्त छ । उखुमा केजीको ७० पैसा अनुदान छ । मलको अनुदान ५० प्रतिशतमा झार्ने र उखुमा दिइने अनुदान पनि घटाउने सरकारी तयारी छ । यसको सिधा अर्थ हुन्छ– धानको उत्पादन कम गर्ने, उखुको उत्पादन कम गर्ने र भारतमुखी बन्ने तर्खर सुरु भयो । रासायनिक मलमा अनुदान कटौतीको मतलब धान खेती घट्नु हो । उखुमा अनुदान कटौती भनेको चिनीमा आत्मनिर्भरतामा कटौती गर्नु हो । उता, भारतमा यिनै वस्तुमा सरकारले कृषकलाई आर्थिक सहयोग गर्छ । यता, हामीकहाँ उपलब्ध सहुलियत पनि कटौती गरिन्छ । भारतले आर्थिक वर्ष सन् २०२३/०२४ मा धानखेतीमा लगानी १२ प्रतिशतले बढाइदिँदा करिब ५७ अर्ब डलर बराबरको धान उत्पादन भयो । विश्व व्यापार संगठनको व्यवस्था अनुसार सामान्यतया विकासोन्मुख मुलुकले तोकिएका कृषि वस्तु उत्पादनमा बढीमा १० प्रतिशत मात्र लगानी गर्न पाउँछन् । अति गरिब मुलुकका हकमा भने अझ बढी लगानी गर्न मिल्छ । यही व्यवस्था धनी मुलुकका हकमा भने पाँच प्रतिशतमा सीमित छ । भारतले विश्व व्यापार संघले प्रदान गर्ने 'शान्तिका लागि' भन्ने व्यवस्थालाई टेकेर छैटौँपटक बजेट थप गरेको हो । विशेष परिस्थितिमा विकासोन्मुख मुलुकलाई केही समयका लागि १० प्रतिशतभन्दा बढी पनि लगानी गर्ने छुट दिइन्छ । भारतले मलमा मात्र वार्षिक २० अर्ब डलर लगानी गर्छ । त्यसमध्ये खेतीको सिजन हेरेर मल बिक्रीमा सहुलियत दिन्छ । हामीकहाँ यस वर्षको बजेट गत सालकै तुलनामा कृषिमा घट्ने र त्यसमा पनि मलमा बजेट घट्ने बताइसकिएको छ । भारतको तुलनामा नेपाल २२ गुणा सानो छ । उसैको मलको बजेट तुलना गर्दा पनि नेपालको मलको बजेट करिब एक अर्ब डलर हाराहारीमा भएसम्म सामान्य कुरो रह्यो, तर गत वर्षको नेपालको मल बजेट मात्र १९ करोड डलर थियो । सीमावर्ती क्षेत्रमा गरिएको एक सर्वेक्षण अनुसार नेपालमा २२ रुपैयाँ केजीमा युरिया पाउँदा भारतमा पाँच रुपैयाँ स्थानीय मुद्रामा प्राप्त थियो । पाँचको अर्थ नेपाली मुद्रा आठ भयो । अहिले पनि करिब तीन गुणा सस्तोमा भारतमा मल पाइन्छ । त्यसको सिधा अर्थ हुन्छ, नेपालमा भन्दा तीन गुणा सस्तोमा भारतमा उपज उत्पादन गर्न सकिन्छ । भारतको आन् प्रदेशमा उत्पादन भएको माछा ४८ देखि ७२ घन्टा आइसमा राखेर काठमाडौँको बजारमा पुग्दा पनि दुई सय रुपैयाँ प्रतिकेजीका दरमा पाइन्छ भने यतै जनकपुर र बारामा उत्पादन गरिएको माछा सस्तोमा पाए पनि चार सय पर्छ । यसको एउटै कारण हो– कच्चा पदार्थ, मलबिउ आदिमा पर्ने मूल्य । भारतमा एउटा सामान्य किसानलाई वर्षमा तीनपटक दुई हजारका दरले सरकारले खातामा पैसा हालिदिन्छ । दुई लाखसम्म बिनाब्याजमा ऋण पाइन्छ । त्यस्तै, छोटो अवधिको ऋण समेत तीन प्रतिशत ब्याजमा पाइन्छ भने कृषि ऋणमा बढीमा चार प्रतिशत मात्र ब्याज लिन पाइने व्यवस्था छ । भारतमा कृषि सामग्री पनि भारी छुटमा पाइन्छ । त्यसैले उसले गत वर्ष कृषिवस्तुबाट ४८ अर्ब डलर कमायो । त्योभन्दा अघिल्लो वर्ष ५२ अर्ब कमाएको थियो । भारतले विश्व बजारमा ४० प्रतिशत चामल निर्यात गर्छ भने विश्वमा सबैभन्दा बढी प्याज भारतले नै निकासी गर्छ । चालु आवका लागि १० मेट्रिक टन चिनी निर्यात गर्ने अनुमति दिएको छ । भारतबाट चिनी सजिलै निर्यात गर्न पाइँदैन ।

*-रातोपाटी डटकम*

*विश्व व्यापार संगठनको व्यवस्था अनुसार सामान्यतया विकासोन्मुख मुलुकले तोकिएका कृषि वस्तु उत्पादनमा बढीमा १० प्रतिशत मात्र लगानी गर्न पाउँछन् । अति गरिब मुलुकका हकमा भने अझ बढी लगानी गर्न मिल्छ । यही व्यवस्था धनी मुलुकका हकमा भने पाँच प्रतिशतमा सीमित छ । भारतले विश्व व्यापार संघले प्रदान गर्ने 'शान्तिका लागि' भन्ने व्यवस्थालाई टेकेर छैटौँपटक बजेट थप गरेको हो । विशेष परिस्थितिमा विकासोन्मुख मुलुकलाई केही समयका लागि १० प्रतिशतभन्दा बढी पनि लगानी गर्ने छुट दिइन्छ । भारतले मलमा मात्र वार्षिक २० अर्ब डलर लगानी गर्छ । त्यसमध्ये खेतीको सिजन हेरेर मल बिक्रीमा सहुलियत दिन्छ । हामीकहाँ यस वर्षको बजेट गत सालकै तुलनामा कृषिमा घट्ने र त्यसमा पनि मलमा बजेट घट्ने बताइसकिएको छ । भारतको तुलनामा नेपाल २२ गुणा सानो छ । उसैको मलको बजेट तुलना गर्दा पनि नेपालको मलको बजेट करिब एक अर्ब डलर हाराहारीमा भएसम्म सामान्य कुरो रह्यो, तर गत वर्षको नेपालको मल बजेट मात्र १९ करोड डलर थियो । सीमावर्ती क्षेत्रमा गरिएको एक सर्वेक्षण अनुसार नेपालमा २२ रुपैयाँ केजीमा युरिया पाउँदा भारतमा पाँच रुपैयाँ स्थानीय मुद्रामा प्राप्त थियो । पाँचको अर्थ नेपाली मुद्रा आठ भयो । अहिले पनि करिब तीन गुणा सस्तोमा भारतमा मल पाइन्छ । त्यसको सिधा अर्थ हुन्छ, नेपालमा भन्दा तीन गुणा सस्तोमा भारतमा उपज उत्पादन गर्न सकिन्छ ।*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौल्हिवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मनमा दुबिधा उत्पन्न हुन सक्छ, तर धार्मिक कार्यमा मन चैं लाग्नेछ । | **तुला** : विद्या र बुद्धिको विकास हुनेछ । अतिथिको रूपमा सत्कार पाइएला । |
| **वृष** : आकस्मिक लाभ प्राप्त हुने छ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । | **वृश्चिक** : न्यायिक कार्यमा सफलता मिल्ने र बौद्धिकताको विकास हुनेछ । |
| **मिथुन** : घुम्न जाने योजना बन्न सक्छ । बोलीको भरमा कार्य सम्पादन हुनेछ । | **धनु** : कठोर परिश्रम गर्नुपर्ने समय छ । दैनिक व्यवहारमा खर्च बढ्न सक्छ । |
| **कर्कट** : मित्रबाट सहयोग मिल्नेछ । भोलि कतै घुम्न जाने योजना पनि बन्न सक्छ । | **मकर** : धर्मकर्म, परोपकार तथा समाजसेवामा मन लाग्नेछ । |
| **सिंह** : दौडधुप गर्नु गरेपनि लाभ नै हुनेछ । रमाइलो यात्राको योग रहेको छ । | **कुम्भ** : मनग्य लाभ प्राप्त हुनेछ। बुद्धिको उपयोगले महत्त्वकांक्षी कार्यहरू बन्नेछन्। |
| **कन्या** : रोकिएका कार्यहरू बन्नेछन्। प्रतिष्ठित कार्य गर्ने मौका मिल्नेछ। | **मीन** : मित्रबाट विशेष सहयोग मिल्नेछ । कतै घुम्न जाने योजना बन्न सक्छ । |



# बाल बाटिका

नाटक — कमल रिजाल

## मधुकैटभ वध

स्थान- वनको नजिक रहेको कुनै आश्रम समय- अपराह्न तीन बजे पात्रहरू- सुमेधा (त्रिकालदर्शी तपस्वी) सुरथ (शत्रुहरूबाट लखेटिएर हिँडेका चैत्रवंशी राजा) समाधि (घरिवारबाट निकालिएका कुनै धनाढ्य वैश्य) भगवान विष्णु (शेषशायी आदि नारायण) मधुकैटभ (विष्णुको शरीबाट प्रकट भएका बलशाली दुई दानव) नेपथ्यमा विशाल समुद्रको दृष्य देखिन्छ, जहाँ गोही, कछुवा, सार्क, डलफिन आदि आफ्नै तालमा नाचिरहेका हुन्छ । समुद्री टापुमा रहेको वन्यप्रन्तमा मृग, जरायो, खरायो, चराचुङ्गी आदि स्थलचर जीवजन्तु चरिरहेका देखा पर्छन् । त्यसकै छेउमा खरले छाएको सानो कलात्मक झुपडी देखापर्छ । सुमेधा- (रङ्गमञ्चमा एकाएक देखापर्छन् यताउति हेर्दै भन्छन् 'कोही हुनुहुन्छ ? मानिसको छायाँजस्तै देख्दैछु । यदि कोही हुनुहुन्छ भने आउन सक्नुहुन्छ । सुरथ- (पर्दाबाट बाहिर निस्कँदै) म हुँ ऋषि वर ! कोलाविध्वंशीहरूले राज्यसत्ता छिनिदिएकाले दु:खित भएर तपाईंको शरणमा आएको । सुमेधा- तपाईंको पछाडि उभिने सज्जन को हुन् नि ?

समाधि- (हात जोरेर अघि सर्दै) मेरो नाम समाधि हो । परिवारले घरबाट निकालिदिएकाले मुक्ति मार्गको खोजी गर्दै हिंडेको वैश्य जाति । सुमेधा- अनि मबाट कस्तो सहयोगको अपेक्षा गर्नुभएको छ नि ? सुरथ- राज्यासत्ता फिर्ता गर्न सकिने कुनै उपाय छ कि भनेर सोध्न चाहन्छु । सुमेधा- समाधि (वैश्यतर्फ फर्कंदै) अनि तपाईं ? समाधि- सांसारिक दु:खबाट मुक्ति पाइने कुनै उपाय भए बताइदिनुहुन आग्रह गर्छु । सुमेधा- यसका लागि महामाया भगवतीको शरणमा जानुपर्छ । भुक्ति र मुक्ति दुवै प्राप्त हुन्छ । सुरथ र समाधि- (संयुक्त स्वरमा) महामाया भगवती भनेको को हुन् ऋषिवर ? सुमेधा- उनी भनेको महामाया जगज्जनी माता भगवती हुन् । सारा संसारको आधार उनै हुन् । देवताहरूसमेत उनकै खटनमा चल्छन् र गाह्रो पर्दा उनकै शरणमा पर्छन् । सुरथ र समाधि- (संयुक्त स्वरमा) यसबारे कुनै उदाहरण भए बताइदिनुहुन आग्रह गर्छौं ? सुमेधा- छन् नि किन नहुने । कति छन् कति । सुरथ र समाधि- जस्तै ? सुमेधा- जस्तै यही कि अघि कुनै समयमा संसार प्रलय भएपछि भगवान् विष्णु कारण जलमा सुतेका थिए । उनको शरीरबाट मधु र कैटभ नामक दुई दानव उत्पन्न भएर विष्णुसितै युद्ध गर्न लागे । हजारौं वर्षसम्म युद्ध गर्दा पनि जित्न नसकेपछि विष्णुले उनै महामया भगवतीको सम्झना गरे । सुरथ र समाधि- अनि त्यसपछि ? सुमेधा- त्यसपछि भगवतीको ईशारा अनुसार विष्णुले दानवहरूलाई वरदान माग्न भने । माता भगवतीको मायाले मति भ्रष्ट भएका दानवहरूले अहङ्कारवश विष्णुलाई नै आफूहरूसित वरदान माग्न आग्रह गरे । त्यसपछि विष्णुले तिमीहरूलाई मार्न सकौं भन्ने वरदान मागे । वचनमा हारेका दानवले तथास्तु भनेकाले उनीहरूले विष्णुको हातबाट मृत्यु वरण गरेका थिए । यति भनेर सुमेधा ऋषि आफ्नो कामतिर लागे । सुरथ र समाधिले महामाया भगवतीको तपस्या गरी वरदान प्राप्त गरे । फलत: समाधि वैश्य मुक्तिलाभको अवसर पाएका थिए भने सुरथ राजाले शत्रुहरूलाई जितेर लामो समयसम्म राज्यसत्ता भोग गरी अर्को जन्ममा सावर्णि नामको मनु हुन पुगे । यत्तिकैमा समय सकिएको घन्टी लाग्छ र पर्दा खस्छ ।

*-रातोपाटी डटकम*


**गुल्मी दरबार गाउँपालिकाको अनुरोध**

- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं
- कुनै सामान वा वस्तु खरिद (किन्दा) लेवल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौ ।
- म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।

| भेषराज घिमिरे | तारा थापा ढेगा | सरोजकुमार थापा |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

गुल्मी दरबार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
[illegible], गुल्मी
लुम्बिनी प्रदेश, नेपाल



**रैनादेवी छहरा गाउँपालिकाको अनुरोध**

- खानेपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।

| कृष्णप्रसाद ज्ञवाली | युवराज थापा | स्वयमाङ्गत भट्टराई |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

रैनादेवी छहरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छहरा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल


छोटोकथा — उराठी गौतम

## वरदान

**_एक जना निकै प्रतिष्ठित व्यवसायी जो हरदम आफ्नो व्यवसायमा व्यस्त रहन्थे । त्यही व्यस्तता र लगनशीलताका कारण उनले ठूलो ख्याति प्राप्त गरेका थिए । उनकी पत्नी गर्भवती बनिन् । प्रतिष्ठित व्यक्तिकी पत्नी गर्भवती भएपछि जताततै थाहा हुनु स्वाभाविक थियो । पिता बन्ने सुअवसर प्राप्तिले उनी पनि गदगद थिए, प्रसन्न थिए । खुशियालीमा सबै इष्टमित्र, टोलछिमेकमा मिठाई बाँडे । सबैले उनलाई बधाई दिए, शुभकामना प्रकट गरे । समय निरन्त चल्यो । हेर्दाहेर्दै नौ महिना कति छिट्टै बित्यो, पत्तै भएन । डाक्टरले प्रक्षेपण गरेको प्रसुतीको मिति पनि आइहाल्यो । त्यसैले ती व्यक्ति उक्त दिन प्रसुति पीडा हुने भयले कार्यस्थल गएनन् । घरमै बसे । पत्नीको कोठामा आफन्त महिला तथा सुँडेनीहरूको चहलपहल थियो । उनी आफ्नो कोठामा व्यथा लाग्ने प्रतीक्षा गर्दै बिस्तरामा पल्टिएका थिए । धेरै समय घर्कियो तर उनलाई व्यथा लागेन । उता पत्नी भने व्यथाले छटपटाउन थालिन् ।_**

"हैन यो त हुँदै भएन । हामीले मात्र अन्याय सहने ? जाऊँ सबै माता पार्वतीलाई प्रार्थना गरौं ।" नेतृ सुविनाले महिलागणलाई आह्वान गरिन् । महिलागण कैलाश पर्वततर्फ प्रस्थान गरे । कैलाश पर्वतमा ध्यानस्थ शिवजीको ध्यान भङ्ग भयो । "नौ नौ महिनासम्म पेट बोक्ने पनि हामी । कष्टपूर्ण प्रसूतिव्यथा सहने पनि हामी । पुरुषलाई चाहिं सधैं हाइसन्चो । अझ बच्चा जन्मेपछि अबीर, पगडी उनैलाई । उनैको नाक ठूलो ! यो त अति भयो । हामीमाथि साह्रै अन्याय भयो, माताजी ! हाम्रो कल्याण गर्नुहोस् ।" माता पार्वतीसामु उनीहरूले प्रार्थना सहित बिन्ती बिसाए । "भन के चाहन्छौ तिमीहरू ?" माता पार्वतीले प्रसन्न चित्तले सोध्नुभयो । "ठीक छ, हामी गर्भधारण गर्न तयार छौं । नौ महिना पेट बोक्न पनि तयार छौं । प्रसूतिव्यथा पनि सहन्छौं । तर एकदिन भए पनि हामीलाई प्रसूति व्यथा लाग्दा पुरुषलाई पनि व्यथा लाग्ने व्यवस्था होस् माता ! उनीहरूले पनि महसूस गर्न सकुन् हाम्रो पीडा ।" महिलागणले एकै स्वरमा आफ्नो धारणा व्यक्त गरे । माता पार्वतीले मुसुक्क हाँस्दै शिवजीतर्फ दृष्टि लगाउनुभयो । "प्रकृतिको व्यवस्था विरुद्धको यस्तो वरदान दिनु उचित छैन प्रिये !" शिवजीले संकेत गर्नुभयो । "पुरुषहरूलाई महिलाको पीडा व्यथा महसूस गराउने यो एउटा उत्तम उपाय हो । त्यसैले यो माग जायज छ । तिमीहरूको माग पूरा भयो । तथास्तु !" भन्दै माता पार्वतीले वरदान दिनुभयो । माग पूरा भएकोले माता पार्वतीको जयजयकार गर्दै महिलागण फर्कियो । माता पार्वतीको वरदान मिथ्या हुने सम्भावना भएन । त्यस दिनदेखि महिलाहरूलाई प्रसूति व्यथा लाग्दा उनीहरूको लोग्नेलाई पनि प्रसूति व्यथा लाग्ने व्यवस्था भयो । सबैले यो व्यवस्था स्वीकार्नुको विकल्प थिएन । सबै महिला पुरुषले यो व्यवस्था सहज रूपमा लिए । व्यवस्था निरन्तर चल्दै गयो । एकदिनको कुरा हो । एक जना निकै प्रतिष्ठित व्यवसायी जो हरदम आफ्नो व्यवसायमा व्यस्त रहन्थे । त्यही व्यस्तता र लगनशीलताका कारण उनले ठूलो ख्याति प्राप्त गरेका थिए । उनकी पत्नी गर्भवती बनिन् । प्रतिष्ठित व्यक्तिकी पत्नी गर्भवती भएपछि जताततै थाहा हुनु स्वाभाविक थियो । पिता बन्ने सुअवसर प्राप्तिले उनी पनि गदगद थिए, प्रसन्न थिए । खुशियालीमा सबै इष्टमित्र, टोलछिमेकमा मिठाई बाँडे । सबैले उनलाई बधाई दिए, शुभकामना प्रकट गरे । समय निरन्त चल्यो । हेर्दाहेर्दै नौ महिना कति छिट्टै बित्यो, पत्तै भएन । डाक्टरले प्रक्षेपण गरेको प्रसुतीको मिति पनि आइहाल्यो । त्यसैले ती व्यक्ति उक्त दिन प्रसूति पीडा हुने भयले कार्यस्थल गएनन् । घरमै बसे । पत्नीको कोठामा आफन्त महिला तथा सुँडेनीहरूको चहलपहल थियो । उनी आफ्नो कोठामा व्यथा लाग्ने प्रतीक्षा गर्दै बिस्तरामा पल्टिएका थिए । धेरै समय घर्कियो तर उनलाई व्यथा लागेन । उता पत्नी भने व्यथाले छटपटाउन थालिन् । हैन के भयो यस्तो, पतिलाई त व्यथा नै लाग्दैन त ? उपस्थित इष्टमित्रहरूले आश्चर्य प्रकट गरे । पत्नीलाई भने असह्य पीडा भयो । उनी चिच्याउन थालिन् । उनको पीडा सही नसक्नु भएकोले पतिले पत्नीलाई अस्पताल लैजाने व्यवस्था मिलाउन आदेश गरे । ग्यारेजमा आफ्नो गाडी छँदै थियो । चालकलाई खबर गर्न पठाए । चालकलाई खबर गर्न गएको नोकरले चालक बिरामी भई छटपटिएको जानकारी गरायो । सबै चासोका साथ चालकको कोठामा गए । चालक साँच्चिकै पीडाले छटपटाउँदै थियो । सबैले मुखामुख गरे । एकापसमा खासखुस चल्यो । अर्को दिन महिलागणको बैठक बस्यो र पुन: माता पार्वतीकोमा जाने निर्णय भयो । "हे ! माता पार्वती, हामीलाई क्षमा गर्नुहोस् । जस्तोसुकै पीडा भए पनि हामी नै सहन्छौं । हामीले नै गर्भधारण गर्छौं । सम्पूर्ण प्रसूति व्यथा हामी नै भोग्न तयार छौं । हाम्रो घोर बेइज्जत हुने भयो । पुरुषले प्रसूति व्यथा सहन नपरोस् । पुरानै व्यवस्था फर्काइयोस् । हामी मन्जुर छौं ।" विनम्रतापूर्वक सबैले प्रार्थना गरे । "ठीक छ । तिमीहरूको यसमै कल्याण छ भने, यही सही । तिमीहरूको माग पूरा भयो । अबदेखि पुरानै व्यवस्था सदर हुनेछ । तथास्तु !" भन्दै माता पार्वतीले शिव चरण स्पर्श गर्नुभयो ।

३ छोटो कथा ३ मित्र 'उराठी' गौतम

*-साहित्यपोस्ट डटकम*


**डढेलोबाट बचौं र बचाऔं**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
**डिभिजन वन कार्यालय**
तानसेन, पाल्पा



**रूरूक्षेत्र गाउँपालिकाको अनुरोध**

- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- जन्म, मृत्यु, बसाईसराइ, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।

| लक्ष्मण पाण्डे | मीना देवी गौतम | यदु ज्ञवाली |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

रूरूक्षेत्र गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घिउवेंसी, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल




तानसेनको शित्तलपाटीमा रहेको ऐतिहासिक एवं पर्यटकीय स्थल पाल्पादरबार परिसरको मूलढोकाको निर्माणकार्यमा ढिला सुस्ती । *तस्विर : सुजित रेगामी/एनजेडी*

# गुल्मीको सत्यवतीमा कृषि एम्बुलेन्स सञ्चालन

**गुल्मी,** वैशाख ३१/गुल्मीको सत्यवती गाउँपालिकाले कृषि एम्बुलेन्स सेवा सञ्चालनमा ल्याएको छ । कृषकहरूले उत्पादन गरेका कृषिउपजलाई सहज रूपमा आन्तरिक एवं बाह्य बजारसम्म निर्यात गर्न सहयोग पुऱ्याउने उद्देश्यले पालिकाले कृषि एम्बुलेन्स सञ्चालनमा ल्याएको हो ।


गाउँपालिका अध्यक्ष टीकाराम पाण्डेले गाउँपालिका र संघिय सरकारको लागत साझेदारीमा रु ३४ लाख ७० हजार मूल्यमा कृषि एम्बुलेन्स खरिद गरी सञ्चालनमा ल्याइएको जानकारी दिए । यहाँ उत्पादित कृषिउपज समयमा बजारसम्म पुऱ्याउन नसक्दा किसानहरूले ठूलो आर्थिक समस्या भोग्दै आएका छन् । उक्त एम्बुलेन्स पालिकाले सहकारीलाई सञ्चालनका लागि जिम्मा दिएको जनाइएको छ । सहकारीले किसानद्वारा उत्पादित तरकारी खरिद गर्ने र बजारसम्म पुऱ्याउने जनाएको छ । यसरी खरिद गरी बिक्री गरेपछि किसानको खातामा रकम जम्मा गरिदिने व्यवस्था मिलाइएको अध्यक्ष पाण्डेले जानकारी दिए । कृषि एम्बुलेन्स सञ्चालन भएसँगै किसानहरूले उत्पादित सामग्री सहज रूपमा बजारसम्म पुऱ्याउन सजिलो हुने भएको




छ । यसले कृषकलाई प्रोत्साहन गर्नुका साथै उत्पादनमा समेत वृद्धि हुने अपेक्षा गरिएको गाउँपालिका उपाध्यक्ष निरमाया तरामुले बताए । उत्पादित कृषिउपज सोझै कृषकबाट उपभोक्तासम्म पुग्ने र कृषकले पनि उचित मूल्य पाउने भएपछि उत्साहित भएका उनले उल्लेख गरे । कृषि एम्बुलेन्स सञ्चालन गर्नका लागि पालिकास्तरीय थाप्ले सत्यवती कृषि बजार समिति र प्रत्येक वडामा उपसमिति गठन गरिएको छ । साथै प्रत्येक वडाको टोलटोलमा सङ्कलन केन्द्र राखिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कमलप्रसाद भुसालले बताए । यसरी सङ्कलन गरिएका तरकारी कृषिउपज बिक्री केन्द्र बुटवलमा लैजाने व्यवस्था मिलाइएको उनले जानकारी दिए । पालिकामा व्यावसायिक रूपमा सागसब्जीखेती गर्ने कृषकहरू बढेकाले यस पटक दुई सय टन तरकारी बिक्री गर्ने लक्ष्य राखिएको पालिकाका अध्यक्ष पाण्डेले बताए । पालिकाले उत्पादनको आधारमा कृषकलाई अनुदान उपलब्ध गराउँदै आएको छ । दश १० क्विन्टलसम्म तरकारी उत्पादन गरेर सहकारीमार्फत बिक्री गरेमा प्रतिकिलो रु दुई र दश क्विन्टलभन्दा माथि प्रतिकिलो रु तीन अनुदान उपलब्ध गराउँदै आइएको अध्यक्ष पाण्डेले जानकारी दिए ।

# हिउँदे वा वर्षे बिदामा पनि पढाउन शिक्षा मन्त्रालयको अनुरोध

**काठमाण्डौं,** वैशाख ३१/शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षक आन्दोलनका कारण पठनपाठन प्रभावित भएकाले हिउँदे वा वर्षे बिदामा पनि पढाउन सरोकारवाला निकायहरूलाई अनुरोध गरेको छ । नेपाल शिक्षक महासंघले पनि बिदामा पढाउन शिक्षकहरूलाई निर्देशन दिएपछि मन्त्रालयले पठनपाठनको व्यवस्था मिलाउन सबै निकायलाई भनेको हो ।




'विद्यार्थीको सिकाइ उपलब्धिमा विशेष सुधार ल्याउने शिक्षकको अठोटलाई प्रवर्द्धन गर्ने उद्देश्यले विशिष्ट प्रकारको समन्वय, सहकार्य र सहजीकरणको भूमिका निर्वाह गरिदिन हुन सबै स्थानीय तह, विद्यालय तथा सरोकारवाला वर्गलाई मन्त्रालय विशेष अनुरोध गर्दछ,' मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ । शिक्षक महासंघले गत चैत २० देखि २९ दिन शैक्षिक हड्ताल गरेर सडक आन्दोलन गरेको थियो ।

## खेलकुद समाचार

# नेपाल भारतसँग पराजित



**काठमाण्डौ, वैशाख ३१/**१९ वर्षमुनिको साफ च्याम्पियनशिप प्रतियोगितामा नेपाल भारतसँग पराजित भएको छ ।

यसअघि नै प्रतियोगिताको सेमिफाइनल पुगिसकेको दुई टोलीबीचको हिजो भएको समूह चरणको अन्तिम खेलमा नेपाल भारतसँग ४-० गोल अन्तरले पराजित भएको हो । जीतसँगै भारत समूह विजेता बनेको छ । नेपाल उप विजेतामै सीमित रह्यो । आयोजक भारतले यसअघि श्रीलङ्कालाई ८-० ले हराएको थियो । नेपालले पनि श्रीलङ्कालाई ५-० ले हराएको थियो । अब सेमिफाइनलमा पर्सि शुक्रवार भारतले समूह 'ए' को उपविजेता माल्दिभ्ससँग र नेपालले समुह 'ए' को विजेता बङ्गलादेशसँग प्रतिस्पर्धा गर्नेछ ।

नेपालले सन् २०१५ मा भएको पहिलो संस्करण र २०१७ को यू १८ उमेर समूहको संस्करण जितेको थियो । पछिल्लो पटक भने नेपाल फाइनलमा बङ्गलादेशसँग पराजित भएको थियो ।

## बिमालेख हराएको सूचना

एशियन लाईफ इन्स्योरेन्स क.लि.बाट जारी गरिएको तपसिल बमोजिमको बीमालेख मिति २०८१ चैत्र १० गतेका दिन तानसेनदेखि बगनासकाली जाने क्रममा बाटोमा हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा यस कम्पनीको नजिकैको शाखा कार्यालयमा बुझाउनुहुन अनुरोध गरिन्छ ।

**नाम :** रामहरी गैरे
**बिमालेख न :** ७४२२०००४३७९
**ठेगाना :** बगनासकाली-२, पाल्पा
**सम्पर्क नं. :** ९८४७४१०५३६

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## अर्थ/कर्पोरेट समाचार

# चौथो दिन पनि घट्यो सेयर बजार



**पाल्पा,** वैशाख ३१/लगातार चौथो कारोबार दिन सेयर बजार घटेको छ । बुधबार बजारको परिसूचक नेप्से १३.९६ अंक घटेको हो । योसँगै नेप्से २६२० अंकमा कायम भएको छ । नेप्सेसँगै कारोबार रकम घटेको छ । अघिल्लो दिन ९ अर्ब ६३ करोडको कारोबार भएकोमा बुधबार ८ अर्ब ७३ करोडको भयो ।

६२ कम्पनीको मूल्य बढ्दा १८३ को घट्यो भने एउटाको स्थिर रह्यो । दुई पुनर्बीमा कम्पनीको मूल्य उच्च दरमा बढ्दा अन्य समूह सबैभन्दा धेरै २.४६ प्रतिशत बढ्यो । त्यस्तै विकास बैंक समूह १.१९ प्रतिशत बढ्यो भने अरु सबै समूह घटेका छन् । बैंकिङ ०.४९, फाइनान्स ०.२१, होटल तथा पर्यटन १.५४, हाइड्रोपावर १.९६, लगानी १.०८, जीवन बीमा ०.८६, उत्पादन ०.९२, माइक्रोफाइनान्स ०.२६, निर्जीवन बीमा १.३९ तथा व्यापार ०.६९ प्रतिशत घटे । ओम मेगाश्री फर्मास्युटिकल्सको मूल्य १० प्रतिशत बढ्यो । पिपुल्स पावरको ७.८८, उपकार लघुवित्तको ६.३१, नेपाल पुनर्बीमाको ५.६६ तथा लुम्बिनी विकास बैंकको ४.१५ प्रतिशत मूल्य बढ्यो । गुराँस लघुवित्तको १०, नेपाल माइक्रो इन्स्योरेन्सको ९.७१, बाराही हाइड्रोपावरको ९.२६, क्रेस्ट माइक्रोलाइफ इन्स्योरेन्सको ७.५५ तथा बुटवल पावरको ६.१२ प्रतिशत मूल्य घट्यो । राधि विद्युत्, युनिभर्सल पावर, क्रेस्ट माइक्रोलाइफ इन्स्योरेन्स, डादी ग्रुप तथा लुम्बिनी विकास बैंक धेरै कारोबार भएका कम्पनी हुन् ।

# तामाखानी ...

...तमानखोलाको नर्जाखानी, भित्रीवन र पात्लेगाउँको धेरै स्थानमा तामाखानीका सुरुङ र अवशेष प्रशस्तै छन् । बन्द भएका खानी उत्खननका लागि अध्ययन हुँदा स्थानीय खुसी भएका छन् । तमानखोला गाउँपालिका-६ का अध्यक्ष चित्र छन्त्यालले बाउबाजेले खानेको खानी उत्खनन गर्नसके गाउँलेको जीवनस्तर उकासिने बताए । उनले भने,'यहाँका खानीहरुसँग हाम्रो पहिचान जोडिएको छ, हाम्रो समुदायका मानिसको इतिहास जोडिएको छ, अहिले पनि हाम्रो गाउँमा सयौँ ठाउँमा पहिले तामा निकालेको डोबहरु छन्, ती खानीहरुबाट तामा निकाल्न पाए, यस क्षेत्रका नागरिकको जीवनस्तर परिवर्तन हुने थियो, आर्थिक रुपमा मजबुत हुने थिए भने युवाले गाउँमै रोजगार पाउने थिए ।' तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले लामो समयको प्रयासपछि तामाखानीको अध्ययन गर्न थालिएको बताए । तामानखानीको अध्ययन अहिलेसम्म सकारात्मक देखिएको अध्यक्ष बुढामगरले बताए ।

*-रासस*

## शिक्षक आवश्यकता

**प्रकाशित मिति : २०८२/०१/३०**

यस श्री दिव्यज्योति माध्यमिक विद्यालय माथागढी-३, सराई पाल्पामा मिति २०८२/०१/२४ गतेका दिन यस विद्यालयमा बसेको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय तथा माथागढी गाउँपालिकाको मिति २०८२/०१/३० गतेको च.न.१६२० को सिफारिस पत्र र शिक्षा विकास तथा समन्वय इकाई, तानसेन पाल्पाको मिति २०८२/०१/३० गतेको च.नं.१४६९ को विज्ञापन अनुमति पत्रनुसार यस विद्यालयमा माध्यमिक तह तृतीय श्रेणीको विज्ञान विषय शिक्षक पदमा करार पदपूर्ति गर्नु परेको हुँदा इच्छुक योग्य नेपाली उमेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ ।

**तपसिल**

**तह :** मा.वि तृतिय
**पद :** शिक्षक, **नियुक्तिको किसिम :** दरवन्दी
**पद संख्या :** १ जना, विषय : विज्ञान, **शैक्षिक योग्यता :** स्नातक बि.एस.सी वा सो सरह
**उमेर :** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**दरखास्त दिने अन्तिम मिति :** २०८२/०२/१३ गते कार्यालय समय भित्र
**सर्म्पक मिति :** २०८२/०२/१४ गते
**तलब स्केल :** नेपाल सरकारको प्रचलित नियम अनुसार, **दरखास्त दस्तुर :** रु. १०००/-
**परीक्षाको किसिम :** लिखित र अन्तर्वार्ता
**परीक्षा मिति र स्थान :** सम्पर्क मितिमा तोकिनेछ ।
**आवश्यक कागजातहरु :** हस्तलिखित निवेदन सम्पर्क नम्बर सहित, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, अध्यापन अनुमति पत्रको प्रतिलिपि )
प्राथमिकताः (B.SC Physics) तथा माथिल्लो योग्यता भएको र अनुभवी उमेदवारलाई विशेष प्राथमिकता दिइने छ ।
(पुनश्चः तोकिएको अवधि भित्र शिक्षक सेवा आयोगको करार सूचिमा सुचिकृत आवेदकले निवेदन दिएमा निजलाई प्राथमिकता दिइने छ र अन्य आवेदकको निवेदन फिर्ता गरिनेछ साथै म्याद नाघी आएको तथा आवश्यक प्रक्रिया नपुगेको निवेदनलाई स्वीकृत गरिने छैन् ।)
**सम्पर्क मोवाइल नं. :** ९८४७०२८९२२, ९८५७०६०६९८, ९८४४७६०७८४
इमेल : divyajyotihsspalpa@gmail.com

**श्री दिव्य ज्योति माध्यमिक विद्यालय**
**माथागढी-३, कसेनी,सराई पाल्पा, लुम्बिनी प्रदेश, नेपाल**

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई